मिति : २०७५मंसिर २४

**प्रेश विज्ञप्ति**

## नेपाल र भारतका युवा तथा खेलकुद मन्त्रीवीच भेटवार्ता

युवा तथा खेलकुद मन्त्री जगतवहादुर सुनार विश्वकर्मा र भारतीय युवा तथा खेलकुद मन्त्री करनेल राज्यवर्द्धन सिंह राठौरवीच आज शिष्टाचार भेटवार्ता भएको छ। नयाँ दिल्ली स्थित युवा कार्यक्रम तथा खेलकुद मन्त्रालयमा सम्पन्न भेटवार्तामा दुई देशवीचको आपसी सम्वन्ध र युवा तथा खेलकुदको विकासका वारेमा महत्वपूर्ण छलफल भएको छ।

नेपालका युवा तथा खेलकुद मन्त्री विश्वकर्माले नेपाल सरकारले अगाडि सारेको विकास र समृद्धिका योजनाका वारेमा जानकारी दिदै नेपाल सरकारले युवा तथा खेलकुदको विकासलाई प्रथामिकतामा राखेको जानकारी दिनुभयो। नेपालमा आयोजना हुन लागेको दक्षिण एशियाली खेलकुद (साग) को १३ औ संस्करणको तयारीका वारेमा जानकारी दिदै मन्त्री विश्वकर्माले साग सफलतापूर्वक सम्पन्न गर्नका लागि सार्कका सवै देशहरुको साथ समर्थनको अपेक्षा रहेको वनाउनुभयो।

भेटघाटको अवसरमा मन्त्री विश्वकर्माले युवा र खेलकुदको विकासमा नेपाल र भारतवीच यस अघि भएका समझदारीको कार्यान्वनमा जोड दिदैं नेपालको खेलकुदको विकासमा भारतसँग थप समन्वय र सहकार्य आवश्यक रहेको वताउनुभयो। दुई देशवीचको जनस्तरको सम्वन्धलाई अझ कसिलो वनाउनका लागि खेलकुद एउटा सशक्त माध्यम हुने धारणा राख्दै उहाँले मैत्रीपूर्ण खेलकुद आयोजना गर्न नेपाल तयार रहेको वताउनुभयो।

भेटघाटका अवसरमा भारतीय युवा कार्यक्रम तथा खेलकुद मन्त्री राज्यवर्द्धन सिंह राठौरले भारत नेपालको असल छिमेकी भएको र नेपालका युवाहरुले प्रगती गरेको हेर्न चाहेको वताउनुभयो। साग सम्पन्न गर्न तथा नेपालको खेलकुदको विकासमा भारतको सक्दो सहयोग रहने विश्वास दिलाउदै मन्त्री राठौरले भारतले खेलमा गरेको विकासको अनुभवबाट नेपाल लाभान्वित हुन सक्ने वताउनुभयो। मोवाइल एप्स निर्माण गरी खेलकुदका क्षेत्रमा नयाँ प्रयोग गर्न लागेको जानकारी दिदैं उहाँले नेपाललाई एप्सका वारेमा अध्ययन गर्न आग्रह गर्नुभयो। भारतले हिमालयन गेम गर्न लागेको जानकारी दिदैं उहाँले यसले हिमालयन क्षेत्रका परम्परागत मौलिक खेलहरुको संरक्षण तथा संवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। भेटघाटमा नेपाल र भारत दुवै देशका अधिकारीहरुको उपस्थिति रहेको थियो।

सुशील विके

स्वकीय सचिव

युवा तथा खेलकुद मन्त्री